**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुर्याएर प्रत्येक नागरिकलाई स्वशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ । अहिले स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुर्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढीरहेको यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

भारतले अतिक्रमण गरेको कालापानी ,लिपुलेक र लिम्पियाधुरा जस्ता प्रसिद्ध क्षेत्र भएको तथा धार्मिक एवं पर्यटकीय दृष्टिकोणले समेत महत्व बोकेको ब्याँस गाउँपालिका देशकै भौगोलिक र सामरिक महत्व बोकेको गाउँपालिका हो । हिन्दु धर्मावलम्बीहरुको सबैभन्दा ठूलो धाम कैलाश मानसरोबरको आगन, सेता दन्तलहर झै टलक्क टल्केका हिमालहरुको बक्षस्थल, ऋषि बेद ब्यासको तपोभूमी यस ब्याँस गाउँपालिकाको शैक्षिक, आर्थिक ,धार्मिक, पर्यटकीय तथा सुशासन र दिगो विकासमा योगदान गर्न आर्थिक वर्ष २०८०।०८१ का लागि यथार्थमा आधारित नीति तथा कार्यक्रम ल्याएको छु ।साथै स्थानीय तह निर्वाचनका क्रममा आम ब्याँस गाउँपालिका बासी जनता सामु गरिएका प्रतिवद्धताहरुलाई प्राथमिकतामा राखि विकासका आयोजना/ कार्यक्रमहरु नीति तथा कार्यक्रममा समेटिएको छ ।

सुन्दर, समुन्नत र समृद्धब्याँस गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरणगर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहितस्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्धगाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।
ब्याँस गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास तथा बस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**सभाका सदस्यज्यूहरु,**

**अब म विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक,प्रशासनिक, आदि )बारे जानकारी गराउन चाहान्छु ।**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्वआपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तान्तरणमानकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएकोछ ।आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेतबारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्थानशीलक्रियाकलापमार्फत अगाडि बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनुपर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाई सुशासनको अनुभुति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती:**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१.संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२.आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यासहुनु ।

३. बिकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सडक निर्माणमा भएको लगानीसँगै गाउँपालिका अन्तर्गतका अधिकाशं वडाहरुमाउत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारोन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२.बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

३. गुणस्तरीय बिउबिजनमलखाद समयमा नै उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाहरुको सीप तथा पुँजीलाईउद्यम विकासमा उपयोग गर्नु।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ बिनागरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ,बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

११. वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम्उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।

१३. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**सभाका सदस्यज्यूहरु,**

**अब म नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी व्यवस्था,राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम्अनुभव तथा सिकाइ आदि)बारे उल्लेख गर्न चाहान्छु ।**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागु गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा ब्याँस गाउँपालिकाभित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

ब्याँस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) निर्माण गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाईप्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्तअनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकारर प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाई जोड दिइनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म चालु आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपल्बधीहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

१. ब्याँसबासीहरुको सुखदुखको सरकार घरदैलोमा पुगेको छ। विपद व्यवस्थापन कोष, आर्थिक सहायता र विभिन्न राहत कार्यक्रम मार्फत जनाताले राहत पाएका छन् ।यसगाउँपालिकामा हालसम्म१५ कि.मि ग्राभेल सडक, १८ कि.मि. धुले वा कच्चीसडक रहेकोछ। गाउँपालिकाका वडा नं .१र २ बाहेक अन्य वडाहरुमा सडकको पहुँच पुगेकोछ।

२. ब्याँस गाउँपालिकाले १४ वटा ऐन, ९ वटानियमावली, २४ वटा कार्यविधि, र ७ वटा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ।यस गाउँपालिकाले गत आ.व .को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को प्रारम्भिक प्रतिवेदन अनुसार ७६ अंक प्राप्त गरेको छ ।

३. ब्याँस गाँउपालिकाले विद्यालययस्तरीय शिक्षा कक्षा १२ सम्मको निःशुल्क शिक्षा नीति अवलम्बन गरिनुका साथै ब्याँस गाँउपालिका भरिका सामुदायिक विद्यालयहरुमा विषयगत तथा अन्य शिक्षक दरबन्दी सिर्जना गरी ६१ जना सहजकर्ता शिक्षकको पदपुर्ति गरिएकोछ।

४. ब्याँस गाँउपालिकाको प्रशासकीय भवन, वडा नं. १,२,३ र ५ को वडा कार्यालयका भवनहरु, सम्पाल मा. वि. सुन्सेराकोक विद्यालय भवन, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत नाजी र डोकटको विद्यालय भवन, पाँच वटा मा. वि. का विद्यालय भवनहरु लागत साझेदारीका निर्माण कार्य समाप्त गरिएको छ ।

५. गाउँपालिकाले सामुदायिक विद्यालयमा अभिभावकहरुको सक्रियता बढाउन प्रत्येक विद्यालयका उत्कृष्ट अभिभावकहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरेको छ ।

६. राष्ट्रिय पाठ्यक्रम प्रारुक २०७६ ले अवलम्वन गरेको आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आएको अवस्थामा चा.लु. आ.व. कक्षा १-३ सम्म स्थानीय **"हाम्रो व्याँस"** नामक पाठ्यपुस्तक नै तयार भईसकेको छ ।

७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्र. अ. भत्ता उपलब्ध गराइनुका साथै नमूना विद्यालयहरुको अवलोकन भ्रमण गराइ प्र. अ. नेतृत्व क्षमता विकास गराउनुका साथै विद्यालयहरुको विभिन्न तहमा कार्यरत शिक्षकहरुको क्षमता विकास तालिमहरु सञ्चालनमा ल्याइएका छन् ।

८. खुला घुम्ती कार्यपालिका बैठक सञ्चालन गरिनुका साथै अनुगमन कार्यलाई कडाइका साथ लागु गरिएको छ ।

८. ब्याँस गाँउपालिकाको आवश्यक पहलमा शैक्षिकसत्र २०८० देखि सम्पाल मा वि सुन्सेरामा कृषि प्राविधिक धार (९-१२)सञ्चालन गरिएको छ ।

९. कृषि पेशा लाई मर्यादित व्यवस्थित तथा कृषक हरुको कार्यबोझ कम गर्न विभिन्न प्रकारका कृषि उपकरणहरु (मिनि टिलर,कर्न सेलर,सिकेचर,दाते,स्प्रेटंकी,कोदो सुट्ने मेशिन जस्ता सामग्री हरु) खरिद गरि गाँउपालिकाले स्थापना गरिको नमुना कृषि फर्ममा प्रयोग गरिएको ।

१०. **चिसो न्यानो सुन्दर ब्यासको ताजा तरकारी कृषि मा आधुनिकीरण व्यवसायिकरण तथा खाद्य सुरक्षा हाम्रो समझदारी** भन्ने मुल नाराका साथ बेमौसमी तरकारी खेतीका लागि ब्याँस गाँउपालिका वडा नं४ देखि ६ सम्म १०० वटा प्लाष्टिक घर कृषि ज्ञान केन्द्र दार्चुलाको सहयोग र समन्वयमा निर्माण गरिएको छ ।

११.**असल कृषि उत्पादन गरौ रोग किरा लाई नजिकैबाट न्युनीकरण गरौ स्वस्थ्य बाली उत्पादन बढाऔ** भन्ने नाराका साथ आकस्मिक बाली संरक्षण सेवा २१० जना कृषकहरु लाई सेवा दिइएको छ ।

१२. ब्याँस गाँउपालिका अन्तर्गत व्यवसायीकरुपले तरकारी खेती गरिरहेका कृषकहरुका लागि सत् प्रतिशत अनुदानमा १०० जना कृषकहरुलाई हाईब्रेड तरकारीको बिउ २ सिजन वितरण गरिएको छ।

१३.**उन्नत प्रविधि सम्बन्धि ज्ञान हाम्रो लागि** भन्ने मुल नाराका साथ कृषि सम्बन्धि जानकारी मुलक सन्देश नियमित प्रशारण गर्नका लागि **ब्याँस गाँउपालिका अध्यक्ष रेडियो कृषि कार्यक्रम** संञ्चालन गरिएको छ।

१४. ब्याँस गाँउपालिकालाई फलफूल बालीमा आत्मनिर्भर बनाउनका लागि कृषक समुह मार्फत ४० हेक्टर क्षेत्रफलमा टर्किबाट आयातित २८६८ ओखर विरुवा वितरण गरि लगाउने कार्य गरिएको छ।

१५. आलु वालीमा आत्मनिर्भर हुनका लागि ब्याँस गाँउपालिका वडा नं. १ र ३ का ५ वटा कृषक समुह र कृषकउद्यमी मार्फत ४० हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको छ।

१६.**रैथाने वालीको संरक्षण प्रर्वद्धन र विस्तार ब्याँसको खाद्य पोषण सुरक्षा र कृषकहरुको आम्दानीको आधार**भन्ने मुल नाराका साथ रैथाने वाली कोदोक्षेत्रफलमा विस्तार .हे ५समुह मार्फत वटा कृषक ४उवा खेती ,फापर, गर्ने कार्य गरिएको छ।

१७. किसान परिचय पत्र वितरण गर्ने कार्य लाई हाल ब्याँस गाँउपालिका वडा नं ६र १ .सुरुवात गरिएको छ।

१८. कृषि सम्बन्धी तथ्याङ्क अद्यावधिक कार्य सम्पन्न गरि ब्याँस गाँउपालिका भित्र रहेको कुल खेती योग्य जमिन र हिउँदे तथा बर्षे वाली को उत्पादन रेकर्ड समेत लिने कार्य सम्मपन्न भैसकेको छ।

१९. कृषकहरुलाई आधुनिक प्रविधि बारे ज्ञान सिप दिन घुम्ति तालिम संञ्चालन गरिएको छ।

२० .कृषकको पशुधन सुरक्षण तथा पशु स्वास्थ्य सेवाका लागि ब्याँस गाउँपालिका अन्तर्गतका ६ वटै वडा अन्तर्गत चालु आ.व.मा ९५१० वटा पशुपन्छीहरुको निःशुल्क उपचार तथा औषधी वितरण गरिएको छ।

२१. कुकुरको टोकाइबाट मानिसमा सर्ने प्राणघातक रोग रेबिज नियन्त्रणको लागि रेबिज रोग नियन्त्रण शिविर संचालन गरिएको छ।

२२. ब्याँस गाउँपालिकालाई दुधमा आत्मनिर्भर बनाउन गाई भैसीमा कृत्रिम गर्भाधान कार्यक्रम संचालनमा रहेको छ जसबाट हालसम्म ८ वटा गाई र ४ वटा भैंसीमा कृत्रिम गर्भाधान सफल भएको छ।

२३. हाल गाई, भैंसीमा देशभरी नै महामारीको रुपमा फैलिरहेको लम्पी स्किन रोग नियन्त्रण गर्न प्रत्येक वडाहरुमा पशु प्राविधिकहरु परिचालन गरिएको छ।

२४. गाउँपालिका कार्यालयबाट प्रवाहहुने सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रविधिमैत्री बनाउन योजना कार्यान्वयनमा योजना सफ्टवेयर र दैनिक सूचनाहरु आदानप्रदान गर्नको लागि डिजिटल नोटिस बोर्डको प्रयोग गरिएको छ।

२५. सेवाग्राहीहरुले योजना तथा कार्यक्रमहरु सम्पन्न पश्चात भुक्तानी लिदा चेक बुझ्नु पर्दा निकै समस्या खेप्नु पर्ने अवस्थालाई कम गर्न विद्युतिय भुक्तानी कारोकार प्रणाली( EFT) कार्यान्वयनमा ल्याईएको छ।

२६.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा घोरेठो बाटो निर्माण, सडक मर्मत तथा सुधार, पर्खाल निर्माण लगायतका योजना तथा निर्माण संचालन गर्दा २०७ जनाले १०० दिनको रोजगारी पाएका छन्। जसबाट सडक स्तरन्नोति लगायत १२०० मिटर घोरेठो बाटो निर्माण भएको छ।

२७.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा अन्तर्गत स्थानीय स्तरमा रहेका अति विपन्न हरुको आवस्यकता चाहाना र मागलाई मध्यनजर गर्दै विभिन्न सीपमुलक तालिम हरु सञ्चालन गरिएका छन् वडा न १ र ४ मा जम्मा ७६ जना लाइ नयाँ लघु उद्यमी सृजना तर्फ बाट समावेश गरिएको थियो जसमा १६ जना पम्मा धुप १० जना अगरबत्ती उत्पादनमा १० मिठाई उत्पादनमा २० जना हाते होजरी बुनाई तालिममा १० जना साबुन उत्पादनमा र १०

जना सिलाइ कटाइ तालिममा समावेश गरिएको थियो र उनीहरु व्यवसायमा आत्मनिर्भर भैरहेका छन ।त्यसै गरी लघु उद्यमीहरुको स्तरोन्नति तर्फ वडा न ५ र ६ मा विगतका उद्यमी ३६ जना लघु उद्यमीहरुलाइ सिलाइ कटाइ र नमकिन सम्बन्धी पुनर्ताजगी तालिम दिइएको छ ।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत लगभग बिस हजार दिन रोजगारी सृजना भइ २०७ जना बेरोजगार व्यक्तिहरुलाई प्रत्यक्ष १०० दिनको रोजगारी उपलब्ध गराइएको छ । ज्याला वाफतको लगभग एक करोड बीस लाख रुपैया बैंक मार्फत लाभग्राहीहरुको खातामा जम्मा हुने सुनिश्चितता गरिएको छ ।

२९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत लगभग १२०००मिटर गोरेटो बाटो र स्थानीय सडकको स्तरोन्नति समेत गरिएको छ ।

३०. गाउँपालिका क्षेत्रमा विपदमा परेका नागरिहरुलाई राहत रकम वितरण गरिनुका साथै जिल्ला प्रशासन कार्यालय दार्चुलासँगको समन्वयमा विपदमा घर भत्किएका १४ जना नागरिकहरुको घर पुर्न निर्माण कार्य भइरहेको छ भने ४६ जना लाभग्राहीहरुको घर निर्माणका लागि रकम निकासा हुने चरणमा रहेको छ ।

३१. ब्याँस गाँउपालिकाको वडा नं. २ को रिपुधारमा रहेको नेपाल टेलिकमको नमस्ते 4G टावरका लागि आवश्यक उपकरण खरिद गरी सञ्चालनमा ल्याइएको छ ।

३२. ब्याँस गाँउपालिकाबाट गाँउपालिका स्तरीय नमुना कृषि फर्म स्थापना गरी १६ जना कृषि प्राविधिक ३ जना सुपरिवेक्षक र ६ जना स्वयम सेवक गरी २५ जना लाई रोजगारिको सृजना गरेर खेतीयोग्य बाँझो जमिन लाई कृषिमा उपयोग कार्यक्रम अन्तरगत ४० रोपनी जमिन लिजमा लगि आलु र तरकारी खेती गर्ने कार्य गरिएको छ ।

३३. आत्म निर्भरताको लागि कृषि उत्पादन कार्यक्रम अन्तरगत आलुमा आत्मा निर्भर कार्यक्रम संचालन गर्न २५ वटा कृषक समुह छनोट भई ५० हेक्टर भन्दा बढी क्षेत्रफलमा आलु खेती गरिएको छ ।

३४. दलित लक्षित कार्यक्रम अन्तरगत ब्याँस ४ स्थित दलित सेवा समिति मार्फत यस गाँउपालिका वडा ल ४ र ६ का दलित समुदायहरुमा आयआर्जन वृद्धिका लागि २० ओटा बंगुरका पाठा पाठी वितरण गर्ने कार्य सञ्चालनमा ल्याइएको छ ।

३५. पशुपालनमा यान्त्रिकीकरण कार्यक्रम अन्तरगत विभिन्न ६ वटा फार्महरुमा घाँस टुक्र्याउने ( विद्युतीय च्याफकटर) मेसिन वितरण गरिएको छ ।

३६. पशुपालनमा आधुनिकीकरण, व्यवसायिककरण र यान्त्रिकरण ल्याउन व्यवसायिक पंक्षी पालन गरिरहेका मोनालिसा कृषि तथा पशुपंक्षी फार्मलाई थप प्रोत्साहन दिन सतप्रतिशत अनुदानमा प्लेट दाना बनाउने मेसिन लगायत अन्य उपकरणहरु हस्तान्तरण गरिएको छ ।

३७. ब्याँस गाँउपालिकालाई सूचना तथा संचारका क्षेत्रमा जोड्नका लागि ब्याँस गाँउपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा भायोनेट इन्टरनेट सेवा सञ्चालन गरिनुका साथै सूचना तथा संचार प्रविधिलाई थप आधुनिक बनाउन इन्टरनेट सेवा प्रदायक संस्था तथा कम्पनीहरुसँग आवश्यक पहल गरिएको छ ।

३८. संघीय सरकार र ब्याँस गाँउपालिकाको लागत साझेदारीमा ब्याँस गाँउपालिका वडा नं. ४ मड्गाँउ टोलमा जोखिम युक्त बसोबास गरिरहेका ३० घरपरिवारहरुका लागि सुरक्षित निजी आवास निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।

३९. सबै वडा कार्यालयबाट MIS प्रणालीमा अनलाइन घटना दर्ता प्रक्रिया पूर्णरुपले सञ्चालन । समय मै घटना दर्ता गर्ने लाभग्राहीको संख्या ११% बाट ९१% मा पुगेको छ ।

४०. सामाजिक सुरक्षा भत्ता पूर्ण रुपमा बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्य गरिएको छ ।

४१. नसर्ने रोग तथा दिर्घ रोग न्युनीकरणका लागि तथा स्वास्थ्य जीवनशैली सबल बनाउने उद्देश्यले नि:शुल्क आर्युर्वेद स्वास्थ्य शिविर सञ्चालन गरि गाउँपालिका भरिका २ हजार ६ सय १२ जना नागरिकहरुलाई नि: शुल्क उपचार तथा आयुर्वेद औषधिहरु वितरण गरिएको छ।

**सभाका सदस्यज्यूहरु,**

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**(क) शिक्षा**

१. पालिकाभरीका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक निति अवलम्बन गरिनुका साथै प्रत्येक आर्थिक वर्षमा दुई दुई वटा विद्यालयहरु नमूना विद्यालयका रुपमा अगाडि बढाउन आवश्यक कार्यक्रमको थालनी गरी अरु विद्यालयहरुलाई समेत सोही अनुसार अगाडि बढ्न प्रेरित गरिनेछ।

२. शिक्षा नियमावली, शिक्षा नीति तथा बहुभाषा शिक्षा नीति जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवम् प्रवर्धन गरिनेछ।

३. विद्यालयहरुको भौतिक पूर्वाधार स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभूत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासका लागि लगानी गरिनुका साथै विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न एवम् धुवा मूक्त विद्यालय बनाउन प्रत्येक विद्यालयमा ग्याँस र चुलो उपलब्ध गरिनेछ।

४. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न बालविकास कक्षाहरु व्यवस्थित गरिनुका साथै अनिवार्य रुपमा दुई वर्षे बालविकास कक्षा सञ्चालन गरी बालविकास सहजकर्ताहरुको क्षमता विकास अभिवृद्धि तालिमहरु सञ्चालन गरिनुका साथै बालविकास कक्षा पूर्ण रुपमा बालमेत्री बनाई मन्टेश्वरी कक्षा सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।

५. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाँउ पालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

६. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवम् शिक्षक सरुवालाई व्यवस्थापन गरिनुका साथै विद्यार्थी संङ्ख्याका आधारमा तह समायोजन तथा विद्यालय मर्ज सम्बन्धी कार्यविधिका आधारमा विद्यालय मर्ज तथा तह समायोजन गरिनेछ।

७. सबै विद्यालयहरुलाई प्रविधि मैत्री बनाइनुका साथै विद्यालयहरुमा ICT, पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशाला स्थापनाको निति लिइनेछ।

८. अङ्ग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिइ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक सहयोग गरिनेछ।

९. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्ने प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनुका साथै शैक्षिकसत्र भरी उत्कृष्ट सिकाइ उपलब्धि तथा कार्यसम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ।

१०. शिक्षकहरुको पेशागत विकासका लागि मासिक शैक्षिक अन्तरक्रिया, सामुदायिक विद्यालयहरु प्रति अभिभावकहरुको सक्रियता बढाउनका लागि अभिभावक शिक्षा कार्यक्रम, विद्यार्थी प्रतिभा पहिचान तथा शैक्षिक मेला जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

११. शैक्षिक प्रणालीमा रुपान्तर ल्याउन पठन पाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यपस्थापन शैक्षिक व्यवस्थापन, विद्यालय अभिभावक बिचको सञ्चार व्यवस्थापन तथा गणित विज्ञान र अङ्ग्रेजी विषयको सिकाईमा सुधार गर्ने अतिरिक्त कक्षा सञ्चालन गर्ने निति अवलम्बन गरिनेछ।

१२. गाँउ पालिका भित्र रहेका विभिन्न जातजाति भेषभुषा, कला साहित्य, संगितहरुको संरक्षण गर्ने आवश्यक निति अवम्बन गरिनेछ।

१३. खेलकुदको विकास गर्न पालिका स्तरीय खेलकुद प्रतियोगिता, खेल शिक्षकको व्यवस्था तथा खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

१४. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक प्रवद्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनर्स्थापनाको प्रबन्ध मिलाइनेछ।

१५. युवा उद्धमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **विदेश होइन विजनेस** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

१६. विपन्न, गरिब, भूमिहिन, दलित तथा बेरोजगार युवाहरुलाई इलेक्ट्रोनिक्स सामग्री मर्मत, पलम्बिङ तथा ब्युटि इलेक्टिसियन पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्युनीकरण र जिवीकोपार्जनमा सहजीकरण गरिनेछ।

१७. गाँउपालिकाका गौरबका रुपमा रहेको खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने सहकार्य र साझेदारी गरिनेछ।

१८. सामुदायिक विद्यालयहरुको शैक्षिक तथा प्रशासनिक सुधारका लागि प्र. अ. लाई उत्तरदायी बनाइनुका साथै आन्तरिक सरुवा तथा कार्य क्षमताका आधारमा प्रोत्साहन गरिनेछ।

१९. शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको समेत कार्यसम्पादन मूल्याङ्कन फारम र स्व मूल्याङ्कन फारम भराइने निति लागु गराइनेछ।

२०. प्राविधिक उच्च शिक्षा हासिल गर्ने गरिब विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृति वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२१. छात्राहरुको आत्मा सुरक्षाको लागि आत्मरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ।

२२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्र. अ. भत्ता, नमूना विद्यालयहरुको अवलोकन भ्रमण, प्र. अ. नेतृत्व क्षमता विकास, विद्यालयहरुका विभिन्न तहमा कार्यरत शिक्षकहरुको क्षमता विकास तालिमहरु सञ्चालन तथा शैक्षिक सागग्री वितरणको कार्यलाई निरन्तरता दिइनेछ।

२३. विगत लामो समयदेखि महाकाली न. पा.को स्वामित्वमा रहेका ब्याँस गाँउपालिका वडा नं. १ का विद्यालयहरु श्री मोती महिला संघ आ. वि. तिंकर र श्री कैलाशपति आ. वि. छाङ्गरुलाई ब्याँस गाँउ पालिको स्वामित्वमा ल्याउन पहल गर्ने निर्णय गरिनेछ।

२४. ब्याँस गाँउपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक सम्पदाहरु, मठ मन्दिर, गुम्बा तथा पुरात्वात्विक सम्पदाहरुलाई आवश्यक नीति ल्याई संरक्षण एवम् संवर्धन गरिनेछ।

२५. सामुदायिक विद्यालयहरुलाई नमूना विद्यालयका रुपमा अगाडि बढाउन छात्राबासको व्यवस्थापन कार्यलाई अगाडि बढाइनेछ।

२६. विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिन IDS NEPAL लगायत अन्य सरकारी तथा गैर सरकारी साझेदार संस्थाहरुसँग आवश्यक साझेदारी निरन्तरता दिइनेछ।

२७. स्वस्थ जीवनका लागि योग भन्ने मान्यतालाई सार्थक तुल्याउन प्रत्येक सामुदायिक विद्यालयहरुमा योग कक्षा सञ्चालन गर्ने निति ल्याइनुका साथै योग प्रशिक्षक नियुक्त गरिनेछ।

**(ख)लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी, दलित,ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग,जनजातिर सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाईआएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६. “हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान” अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८. गाउँपालिका तथा वडास्तरीय बाल क्लबलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

९. लागु पदार्थ दुर्व्यसन सम्बन्धी बालबालिकाहरुलाई सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन।

१०. लैङ्गिक हिंसा पिडितहरुको तत्काल उद्धार तथा सहयोगको लागि स्थानीयतहमा हिंसा पिडित उद्धार तथा राहत कोषको स्थापना तथा संचालन गरिनेछ।

**(ग) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक सेवाको पहुँच बढाउन र प्रभावकारी बनाउन स्वास्थ्य सस्थांतथा वर्थिङ सेन्टरहरुलाई थप सुदृढ गरि सेवा विस्तार गरिनेछ।

२. स्वास्थ्य सेवालाई थप गुणस्तरिय बनाउन (प्रतिकारात्मक सेवा, उपचारात्मक सेवा, प्रबर्धानात्मक सेवा र पुर्नस्थापना सेवा) पालिका स्तरमा मेडिकल अधिकृतको ब्यवस्था गरिनेछ।

३. प्रत्येक स्वास्थ्य सस्थांलाई सफा स्वच्छ तथा आकर्षक बनाउन रङरोगन घेरपर्खाल तथा बगैचा निर्माण गरि वडाअध्यक्ष संग स्वास्थ्य सस्थां कार्यक्रम सन्चालन गरिनेछ।

४. पालिका अन्तर्गत समुदाय स्तरमा लुकिछिपेका रोगहरको पहिचान गर्न विषेशज्ञ सहितको चिकित्सकिय स्वास्थ्य शिविर सन्चालन गरिनेछ।

५. स्वास्थ्य सस्थांहरुलाई थप सुदृढ गर्न ब्यवस्थापन गर्नको लागि अनुदानको ब्यवस्थापन गरिनेछ।

६. आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी गराउन ग्रामीण अल्ट्रासाउन्ड मेसिनको ब्यवस्थापन गरिनेछ।

७. आधारभुत स्वास्थ्य सेवालाई थप सुदृढ गराउन थप सामुदायिक स्वास्थ्य ईकाइको स्थापना गरिनेछ।

८. स्वास्थ्य सेवालाई सामुदाय स्तर सम्म पहुँच बढाउन योगदान गर्दै विगत लामो समय देखि काम गर्दै आइरहेका सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन गरिनेछ।

९. स्वास्थ्य सस्थांहरुमा स्वच्छ खानेपानीको उचित ब्यवस्थापन गरिनेछ।

१०. सुरक्षित मातृत्व सेवालाई थप प्रभावकारी बनाउन प्रत्येक वर्थिङ सेन्टरहरुमा मातृ विश्राम घर (Maternity waiting Home ) को ब्यवस्थापन गरिनेछ।

११. पालिका अन्तर्गतका गर्भवती , सुत्केरी तथा प्रसुति अवस्थाका जोखिममा रहेका महिलाहरुलाई जिल्ला अस्पताल दार्चुला सम्म निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

१२. पुर्णखोप दिगोपना तथा सुनिस्चितता गर्न विगतका क्रियाकलापहरु लाई निरन्तरता दिइ पुर्ण खोप कार्यक्रमलाई बरकरार राखिनेछ।

१३. स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक जनचेतना फैलाई सेवाग्राहीलाई सेवाको मुल प्रवाहमा ल्याउन आवश्यक पहल गरिनेछ।

१४. झन्डै ७२% ओगटेको नसर्ने रोग सम्बन्धी जनजेतना अभिबृदि गरि ३० वर्ष माथि उमेर समुहका सम्पुर्ण नागरिकहरुको नसर्ने रोग सम्बन्धी खोजपड्ताल (Screening) गरिनेछ।

१५. पालिका अन्तर्गत स्वास्थ्य ब्यवस्थापन समिति (HFOMC) लाई स्वास्थ्य सेवामा प्रभावकारीता बढाउनका लागि स्वास्थ्य सेवा सम्बन्धी जानकारीका साथै सकारात्मक सोच अभिमुखिकरण मार्फत थप जिम्मेवार, उत्तरदायी तथा क्रियाशिल गराई मानव ससोधंन भौतिक संरचनामा जोड दिइनेछ साथै कर्मचारिहरुको अनुगमन मुल्यांकन गरी सुशासन कायम राखिने छ।

१६. स्थानीय स्तरमा पोषण स्थितिलाई सुधार गर्न लक्षित समुहलाई सेवाको मुल प्रवाहमा ल्याउन पहल गरीदिगो विकासका सुचाङ्कहरुलाई हासिल गर्न अधिकतम प्रयास गरिनेछ।

१७. विभिन्न प्रकारका सर्ने रोगहरु न्युनिकरण गर्न आवस्यक अभियान सञ्चालन गरिनेछ।

१८. गुणस्तरीय ल्याव सेवा सन्चालन गर्न आवश्यक उपकरण तथा सामाग्रीहरुको ब्यवस्थापन गरिनेछ।

१९. स्वास्थ्य सस्थां तथा वर्थिङ सेन्टरहरुमा वैकल्पिक उर्जाको ब्यवस्थापन गरिनेछ।

२०. स्वास्थ्यकर्मि तथा नर्सिङ कर्मचारीहरुलाई दक्ष बनाउन पालिका स्तर तथा प्रदेश स्तरका स्वास्थ्य सम्बन्धी(SBA , IMPLANT, IUCD, Abortion) तालिममा सहभागि गराई सिप हस्तान्तरण गरिनेछ।

२१. विद्यालय स्वास्थ्य कार्यक्रम लाई थप सुदृढ तथा प्रभावकारी बनाइनेछ।

२२. स्वास्थ्य सेवाका सम्पुर्ण कार्यक्रमलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायहरुसङ्ग आवश्यक सहयोगका लागि समन्वय र सहकार्य गरिनेछ।

२३. सम्पुर्ण स्वास्थ्य सस्थाहरुमा दरबन्दी अनुसार कर्मचारी ब्यवस्थापन गरी गुणस्तरिय सेवा प्रभाव गरिनेछ।

२४. दिगो विकास लक्ष्य प्राप्तिका लागि स्वास्थ्य क्षेत्रका सम्पुर्ण गति विधीहरुलाई पालिका स्तरमा अगाडि बढाउन भरपुर प्रयत्न गरिनेछ।

२५. नेपाल सरकारले तोकेका मापदण्ड अनुसारका दीर्घ रोगीहरुलाई स्थानीय स्तरमा कार्यविधि अनुरुप विपन्न नागरिक उपचार सहुलियतलाई निरन्तरता दिइनेछ।

२६. पालिका अन्तर्गतको १५ शैया आधारभुत अस्पताल निर्माण कार्यलाई अगाडि बढाउन यथासक्य छिटो अगाडि बढाउन पहल गरिनेछ।

२७. न्युनतम स्वास्थ्य सेवा मापदण्डका लागि आवश्यक पर्ने औषधी, औजार, उपकरणहरुको आवश्यक ब्यवस्थापन गरिनेछ।

२८. स्थानीय सरकारको एकल अधिकार भित्र पर्ने आधारभूत स्वास्थ्य सेवा, स्वस्च्छ खानेपानी र सरसफाईमा विषेश जोड दिइने छ।

२९.दिर्घरोग न्युनीकरण गर्न ब्याँस गाउँपालिकाको विकट बस्तीहरुमा गई नि:शुल्क आर्युवेद शिविर संचालन गरिनेछ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**(क) कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. आर्थिक वर्ष २०७९।८० मा संचालितओखर र सुन्तला पकेट क्षेत्रलाई निरन्तरता दिईओखर र स्याँउको नयाँ पकेट क्षेत्र स्थापना गरिने छ।

२. ब्याँस गाउँपालिका अन्तरगत च्याउँ खेती कार्यलाई व्यसायिक रुपमा सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरिनेछ।

३. **रैथाने बालीको संरक्षण प्रर्वद्धन र विस्तार ब्याँसको खाद्य पोषण सुरक्षा र कृषकहरुको आम्दानीको आधार**भन्ने मुल नाराका साथ रैथाने वाली प्रर्वद्धन कार्यक्रम मा विशेष जोड दिईने छ।

**४. उन्नत प्रविधि सम्बन्धी ज्ञान हाम्रो लागि** भन्ने मुल नाराका साथ कृषि सम्बन्धी जानकारी मुलक सन्देश नियमित प्रशारण गर्नका लागि **ब्याँस गाँउपालिका अध्यक्ष रेडियो कृषि कार्यक्रमलाई निरन्तरता दिइनेछ।**

५. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न दीर्घकालिन सोच सहित ब्याँस गाँउपालिका कृषि निति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

६. कृषि उपजहरुको बजारीकरण र भण्डारण गर्न संघ,प्रदेश र स्थानीय तहको लागत साझेदारीका (कोल्ड स्टोर,रस्टिक स्टोर,कोल्ड च्याम्बर)हरु निर्माणको कार्यलाई अगाडि बढाइने छ।

**७. किसान हुनुमा मलाई गर्व छ** भन्ने मूल नाराका साथ गाँउपालिकामा कृषि पेशालाई मर्यादित र सम्मानीत बनाउन गाउँपालिका स्तरमा **ब्याँस गाँउपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार**कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिने छ।

**८.चिसो न्यानो सुन्दर ब्याँसको ताजा तरकारी कृषिमा आधुनिकीकरण, व्यवसायिकरण तथा खाद्य सुरक्षा हाम्रो सम्झदारी** भन्ने मुल नाराका साथ बेमौसमी तरकारी खेतीका लागि प्लाष्टिक घर निर्माण कार्यलाई निरन्तरता दिइने छ।

९. ब्याँस गाँउपालिका अन्तरगत सिँचाई सुविधा नपुगेका बस्तीहरुका लागि सिँचाई विशेष कार्यक्रम लागु गरिने छ।

१०. एक वडा एक उत्पादन कार्यक्रम लागु गरिने छ।

११. स्वच्छ बाली उत्पादनका लागि ब्याँस गाँउपालिका अन्तरगतका वडाहरुमा बाली उत्पादन कृषक पाठशाला संचालन गरिने छ।

१२. कृषकहरुले उत्पादन गरेको कृषि वस्तुमा आधारित नगद प्रोत्साहनअनुदान कार्यक्रम लागु गरिने छ।

१३. ब्याँस गाँउपालिकाको प्राङ्गारिक उत्पादन चिनारी सहित बजारीकरणका लागि आवश्यक काम अगाडि बढाइने छ।

१४. कृषि ज्ञान केन्द्र दार्चुलासँग लागत साझेदारीमा कृषि सम्बन्धी आवश्यकता अनुसार काम गर्न विशेष जोड दिइनेछ।

१५. प्राङ्गारिक उत्पादनका लागि भर्मिक कम्पोष्ट मल निर्माण गर्ने कार्य अगाडि बढाइने छ।

१६. बेला बेलामा पशुपन्छीहरुमा देखापर्ने विभिन्न रोग, परजिवीहरुको नियन्त्रण तथा उपचारको लागि पशु स्वास्थ्य सेवालाई पहिलो प्राथमकितामा राख्दै प्रत्येक वडामा पशु प्राविधक सहित औषधिको व्यवस्था गरि किसानहरुलाई नि:शुल्क रुपमा पशु स्वास्थ्य सेवाप्रदान गरिनेछ।

१७. पशुपंक्षीहरुको विभिन्न महामारी जन्य  रोगको नियन्त्रणका लागि नि: शुल्क रुपमा खोप कार्यक्रम सञ्चाल गरिनेछ।

१८. कुकुरको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रेबिज रोग नियन्त्रणका लागि शिविर सञ्चालनगरि नि: शुल्क रुपमा खोप कार्यक्रम सञ्चालन गरिनेछ।

१९. ब्याँस गाउँपालिका लाई दुधउत्पादनमा आत्मनिर्भर बनाउन नि: शुल्क कृत्रिम गर्वाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०- एक गाँउ एक कृषि तथा पशु सेवा प्राविधिक लाई निरन्तरता लिईने छ।

२१- कृषकहरुले खेति गरेको खेतिपातीलाई जंङ्गली जनावर बाट संरक्षण गर्न खेति पाति नोक्सान हुने क्षेत्रमा सरु हेरालाको व्यवस्थापन गरिने छ।

२२-अदुवा,बेसार र अलैची खेतीलाई व्यवसायीकरण गरी अघि बढाईने छ।

२३- कृषकहरुको मागको आधारमा अंगुर र किबी खेती विस्तार कार्यलाई विशेष जोड दिईने छ।

२४- हाम्रो स्थानीय जातहरुको संरक्षण तथा प्रर्वद्धन गर्न  (सालधान,कालोदान,बङगौ,स्याकुरेलीधान,रोटी धान,जउले धानको)बिँउ संरक्षण गरि खेती विस्तार गर्नमा विशेष जोड दिइने छ।

२५- कृषि क्षेत्रमा उत्पादन लागत न्युनीकरण गर्न का साथै कृषकहरुको कार्यबोझ काम गर्न कृषि क्षेत्रमा आवश्यक पर्ने कृषि औजार उपकरण संघ/प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कृषकहरुलाई वितरण गरिने छ।

२६- मुरुली मकैको बिउ वितरण गरी स्थानीय बजारमा(पपकन) बनाइने छ।

२७- ब्याँस गाँउपालिका वड नं ६ बसेडि क्षेत्रमा कृषि ज्ञान केन्द्र दार्चुला र ब्याँस गाँउपालिकाको लागत साझेदारीमा बृहत एवम् विशेष उत्पादन क्षेत्र अन्तर्गत सुन्ताल खेती कार्यक्रम गर्न विशेष जोड दिइने छ।

२८- कृषकहरुको समस्या बुझ्न कृषि प्राविधिक गुनासो सुनवाई कार्यक्रम लागु गरिने छ।

२९. यस गाँउपालिका अन्तरगत भेडा तथा च्याङग्रा संरक्षणका लागि लागत साझेदारीमा भेडा र च्याङ्ग्रा प्रवर्धन कार्यक्रम लागु गरिनेछ।

३०. ब्याँसगाँउपालिका वडा नं. ४ र ६ मा सञ्चालनमा रहेको बंगुर प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**(ख)  उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

२. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यक्रम प्रारम्भ गरिनेछ।

४. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

५. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

६. मुख्य स्थान चोक र गाउँपालिकाप्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।

**७. गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलहरु (तिंकर भञ्ज्याङ, कालापानी लिपुलेक, लिम्पियाधुरा, कौवा, छाँङ्गरु,तिंकर गागा, बुदी, अपिबेश क्याम्प, नाम्पा बेश क्याम्प, दुदी वन क्षेत्र,रानीकोट्टा, गोतु तातोपानी, ब्रह्मदह, सगरचौरा, ब्रह्मलेक, कैचुला, कोटढुङ्गा, दम्फा गुफा, देवीधार, दाम्दाकोट, धुरामाणौँ, ब्रह्म मन्दिर, दुर्गामन्दिर क्षेत्र गोरखनाथ मन्दिर क्षेत्र, सम्पाल मन्दिर क्षेत्र, सिद्ध मन्दिर क्षेत्र नमज्युङ मन्दिर क्षेत्र आदि) को प्रचार प्रसारका लागि डकुमेन्ट्री तयार गरीप्रसारण गरिनेछ।**

८. प्रत्येक वडामा सञ्चालन रहेका व्यवसायीहरुलाई व्यवसाय दर्ता ऐन अन्तर्गत दर्ता प्रकृयामा समावेश गरिने छ ।

९. लघु उद्यमीहरुलाई आवस्यकताको आधारमा सीप विकास तालिम दिई व्यवसाय सञ्चालन गरी आय आर्जन तर्फ आकर्शित गरिने छ र उद्यमीहरु लाइ उपलब्ध प्रविधि समेत हस्तान्तरण गरिने छ ।

१०. विगतका उद्यमीहरुलाई आवश्यकता अनुसार पुनर्ताजगी सीप विकास तालिमहरु प्रदान गरिनेछ ।

११. स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी लघु उद्यम मार्फत नंया वस्तु उत्पादनमा जोड दिइने छ ।

१२. उद्यमीहरु लाइ सम्बन्धिति व्यवसायहरुका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराइने छ ।

१३. ब्याँस गाँउपालिका वडा नं. ६ मा रहेको रानीस्थान ब्रह्म मन्दिर धार्मिक तथा पर्यटकीय स्थल निर्माण कार्य प्राथमिकका साथ अघि बढाइनेछ ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. गाउँपालिकाक्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दैब्याँस गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।

५. ब्याँस गाँउपालिकामा रहेका नेपाल टेलिकमका टावरहरुलाई व्यवस्थित गर्न नेपाल टेलिकमसँग आवश्यक पहल गरिनुका साथै फोन सेवाको वैकल्पिक व्यवस्थाका लागि अन्य सेवा प्रदायक संस्था एवम् कम्पनीसँग आवश्यक पहल गरिनेछ ।

६. गाँउपालिका कार्यालयमा प्रयोगमा रहेका नेपाल टेलिकमको लिज लाईन तथा भायोनेटको क्षमता अभिवृद्धि गरिनुका साथै दिगो र द्रुत गतिको इन्टरनेट सेवा व्यवस्थापनका लागि लागत साझेदारीको नीति लिइनेछ ।

**४.न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

**५. संस्थागत विकास,सेवा प्रवाह र सुशासन**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App)तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडि बढाईनेछ ।

४. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

६. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा,राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज बिहिन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिइने छ ।

७. गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त वनाउन आन्तरिक नियन्त्रण निर्देशिकालाई  कार्यान्वयनमा ल्याइनेछ ।

८. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागि संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, प्रोत्साहन भत्ता, अतिरिक्त भत्ता, पुरस्कारजस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

११. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । कार्यालयले आफु र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सार्वजनिक सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, नागरिक वडापत्र ,सूचनाको हकको प्रत्याभूति, पारदर्शी, जवाफदेही, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने कार्यहरु गरिनेछन् ।

१४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१५. ब्याँस गाँउपालिकाको उत्पादनलाई बजारीकरण गर्नका लागि ब्याँस गाँउपालिकाको अस्तित्व झल्किने गरि लोगो निर्माण गर्ने कार्य अगाडि बढाइने छ ।

१६. ब्याँस गाँउपालिकाको विगत ६ वर्षमा भए गरेका वित्तीय तथा भौतिक अवस्थालाई **श्वेतपत्र** मार्फत प्रकाश गरिनेछ।

### ६. वन, वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

#### (क)खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै तीश्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडि बढाइनेछ।

#### (ख)वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । हरित ग्यास उत्सर्जनलाइ कम गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१०. ब्याँस गाउँपालिका वडा नं.४ को मडगाउँ- चौसिला पहिरोलाई उच्च जोखिम क्षेत्र घोषणागरी पहिरो रोकथामका लागि संघीय र प्रदेश सरकारको समन्वय सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

**७. भौतिक पूर्वाधार विकास ( वस्ति विकास, आवास तथा पूर्वाधार)सम्बन्धी नीति तथा कार्यक्रम**

१. रोजगारी सिर्जना हुने र मेशनरी औजार प्रयोग नहुने आयोजना संचालन उपभोक्ता समिति मार्फतल संचालन गरिनेछ ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

४. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकागौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

५. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

६. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

७. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

८. गाउँपालिका भित्रसडकको मापदण्डलाईआवश्यकताकोआधारमाकायमगरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

९. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

१०. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिकासीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

११. गाउँपालिका भित्रकै स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१२. व्याँस गाउँपालिका अन्तर्गत रहेका घोरेटो मार्गहरुलाई पि.सि.सि. मार्ग बनाउन सहजिकरण गरिनेछ।

१३. गाउँपालिका भित्र रहेका शाखा सडकहरुको सडकस्तरोन्नती गर्नमा आवश्यक सहजिकरण गरिनेछ।

१४. लागत अनुमान स्वीकृत पश्चात सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भन्दा बढी कार्य प्रगति भए पश्चात मुल्याङ्कनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ।

१५. निर्माण कार्यको गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको ल्याब परीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ।

१६. भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री बनाउने नीति ल्याइनेछ।

१७. कोरकट्या - पथरकोट सडकलाई गल्था सिना र सुन्सेरा - मड्गाउँ सडकलाई मलघट्टे झो. पु. हुँदै डोकट कोरकट्या जोडी वडा नं. ४ को चक्रपथको रुपमा विकास गरिनेछ।

१८. तिमुरपाटा-हुती- धौलाकोट-मड्गाउँ हुँदै माल सडकलाई गौरबको आयोजनाको रुपमा प्राथमिकताका साथ विस्तार गरिनेछ।

१९. वडा नं. ४ र ६ को वडा कार्यालय भवन निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२०. ब्याँस गाँउपालिका अन्तरगत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने मठमन्दिर तथा समुदायिक भवन निर्माण कार्यमा अनिवार्य ५० प्रतिशत श्रमदान गर्ने नीति अवलम्बन गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

**१.** गाउँपालिकाको आन्तरिक राजश्व चुहावटलाई निरुत्साहित गर्न राजश्व सफ्टवयर मार्फत राजश्व संकलनमा एकद्धार प्रणाली लागु गरिनेछ।

**२.** गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

**३.** वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

**४.** ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

**५.** करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

**६.** करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

**७.** कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

**९.रोजगार सेवा केन्द्र**

१. वैदेशिक रोजगारीमा जान चाहने हरुका लागि वैदेशिक रोजगार सम्बन्धी न्युनतम जानकारी दिन वैदेशिक रोजगार परापर्श सेवा कार्यक्रम सञ्चालन गरिने छ। यस कार्यक्रम मार्फत आ व २०८०।८१ मा बैदेशिक रोजगारीमा जान चाहाने १५० जना लाइ प्रत्यक्ष परामर्श सेवा प्रदान गरिने छ। बैदेशिक रोजगारीमा जान चाहने र बैदेशिक रोजगारीमा रहेका व्यक्तिहरु लाइ बैदेशिक रोजगार सम्बन्धि जानकारी दिन बैदेशिक रोजगारी सम्बन्धि सूचनाका लागि ब्याँस रोजगार सेवा केन्द्र भन्ने कार्यक्रम अन्तरगत रोजगार कल सेन्टर स्थापना गरी समाजिक सञ्जाल तथा विद्युतिय माध्यमबाट आवश्यक जानकारी दिने व्यवस्था मिलाइनेछ।

२. श्रमको सम्मान ब्याँस अभियान कार्यक्रम  अन्तर्गत श्रम र श्रमिक प्रति आम नागरिकको सकारात्म दृष्टिकोण कायम गराउन श्रममुलक आयोजनाहरुमा  स्थानीय जनप्रतिनिधि सहभागिता गराउने र अन्य  आवस्यक कार्यक्रम सञ्चालन गरिने छ।

३.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लाभग्राही छनौट प्रकृयामा देखिएको नागरिकको असन्तुष्टिलाई न्युनीकरण गर्न छनौट प्रकृयालाई बैज्ञानिक, पारदर्शी बनाउने नीति अपनाइने छ।

४. एउटै प्रकृतिको कामको ज्यालामा समान ज्यालाको सुनिश्चित गर्न प्रभावकारी अनुगमन गरिनेछ। बाल श्रम तथा सबै प्रकारका श्रम शोषण हटाउन शोषण रहित श्रमिक अभियान सञ्चालन गरिनेछ।

५. स्थानीय तहमा रहेका सीप , उद्यमशिल, रोजगारीको तथ्याङ्क संकलन र विश्लेषण गर्न स्थानीय तहमा स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम बजेट निर्माण र कार्यक्रम तयार गर्न , स्थानीय तहमा माग अनुसारको जनशक्तिको  उत्पादन र  उत्पादकत्व बृद्धी गर्न,  उद्यमशिलता अभिबृद्धि गर्न ,दक्ष, प्रतिस्प्रर्धी र उद्यमशिल मानवीय श्रोतको विकास गर्न, स्थानीय तह बाट नागरिकलाई सीप विकास ,रोजगारी प्रवद्धन, उत्पादनशिल रोजगारी सृजना, स्वरोजगारबनाउन ब्याँस गाँउपालिकाको रोजगार रणनिति तयार गर्ने र रोजगार संवाद मञ्च सञ्चालन गरिने छ।

६. सेवाग्राहीलाई स्थानीय तह बाट सेवा प्रदान गर्ने उदेश्यका साथ वैदेशिक रोजगारीमा जाने व्यक्तिको व्यक्तिगत तथा पुन श्रम स्वीकृतिको अनलाइन आवेदन भर्ने कार्य ब्याँस गाँउपालिकाको रोजगार सेवा केन्द्रबाट सञ्चालन गरिने छ।

७. नागरिकलाई न्युनतम रोजगारीको सुनिश्चितता गर्न स्थानीय तहमा सञ्चालित रोजगारमुलक आयोजनाहरुमा रोजगार सेवा केन्द्रको रोजगार सूचीमा दर्ता भएका व्यक्तिहरुलाई प्राथमिकता दिइ रोजगारीमा खटाउने व्यवस्था गरिने छ।

८. ब्याँस गाँउपालिका भित्र सञ्चालन हुने आयोजना हरुमा प्राविधिक दृष्टीकोणले मेशिनको प्रयोग नगरी सम्भव नहुने भनि प्राविधिक टोलिले गरेको अवस्थामा बाहेक सबैं आयोजना हरुमा श्रमिकको उपलब्धता भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी श्रममा आधारित रोजगारी सृजना गरिने छ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका लाभग्राही हरुको बैंक खाता सम्बन्धित वडामा खाता शिविर सञ्चालन गरी खाता खोल्ने व्यवस्था मिलाइने छ।

**१०. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

१.बालबालिकाहरुलाई निरोगी बनाउनप्रत्येक वडामा बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ।

**२.**सामाजिक सुरक्षा भत्ता फरवार्ड फिड र EFT प्रक्रिया बाट भुक्तानी गरिनुका साथै समयमै सबभन्दा बढी घटना दर्ता गर्ने वडालाई पुरस्कृत गरी घटनादर्ता कार्यक्रमलाई सन्  २०२४ सम्म १०० प्रतिशत अनलाइनबाटै गरिने छ।

३. सामाजिक सुरक्षा भत्ताको लागि माछापुच्छ्रे बैङ्कसँग सम्झौता गरी वडा कार्यालयबाटै  वितरण गर्ने नीति लिइनेछ।

**यस गरिमामय सभाका सदस्य ज्यू,**

वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाउँपालिकाको सामाजिक आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ।

अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने आम नागरिक, विकास साझेदार रअन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु।

व्यासँ गाउँपालिकाका समस्या र चुनौतीहरु असङ्ख्य छन् र यिनको सामाधान हामी सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ ।त्यसैले आउनुहोस सबै एकजुट होऔं र ब्याँस गाउँपालिकाको मुहार फेर्ने अभियानमा सहभागी बनौं ।म जुट्छु ब्याँसको मुहार फेर्छु भन्ने भावनाबाट अगाडी बढौं।

**धन्यवाद!**